# पाठ १०

# यूहन्ना १०

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

भेड़ा-गोठको दृष्टान्त (उखान)
येशू असल गोठाला
यहूदीहरूद्वारा येशूलाई इन्कार

---

**भेड़ा-गोठको दृष्टान्त (उखान)**

---

यूहन्ना १०:१-६ पढ्नुहोस्।

दृष्टान्त भनेको एक छोटो कथा हो, जसले आत्मिक सत्यताहरू व्याख्या गर्नका लागि प्राकृतिक कुराहरूको प्रयोग गर्छ। येशू असल गोठालो हुनुहुन्छ, जसले आफ्ना भेड़ाहरूको हेरचाहा गर्नुहुन्छ र तिनीहरूलाई खुवाउनुहुन्छ। उहाँमा विश्वास गर्ने र उहाँलाई पछ्याउनेहरू नै उहाँका भेड़ाहरू हुन्। बाइबल



दिनहरूमा एउटा गोठालो जहिले पनि आफ्ना भेड़ाहरूको अगि-अगि हिँड्थ्यो र आफू जाँदैगर्दा भेड़ाहरूलाई बोलाउँथ्यो। सबै भेड़ाहरूले उसको आवाजलाई चिन्थे र तिनीहरू उसका पछिपछि लाग्थे। जब अर्को गोठालो आफ्ना भेड़ाहरू लिएर नजीक आउँथ्यो, पहिलो मानिसका भेड़ाहरू दोस्रो मानिसको पछि लाग्दैनथे, किनकि तिनीहरूले आफ्ना गोठालाको स्वर चिन्थे।

**तपाईंको अभ्यासको निम्ति**

**१** किन येशूले आफैलाई असल गोठालो भन्नुभयो?

**क**. उहाँका धेरै भेड़ाहरू थिए।
**ख**. उहाँले भेड़ा-बाख्राहरूको राम्रोसँग हेरचाहा गर्नुभयो।
**ग**. असल गोठालाले आफ्ना भेड़ाहरूको हेरचाहा गरेझैं, उहाँले पनि आफ्ना मानिसहरूको हेरचाहा गर्नुहुन्छ।

## येशू असल गोठाला

यूहन्ना १०:७-२१ पढ्नुहोस्।

येशूले आफैलाई ढोकाको रूपमा प्रस्तुत गर्नुभयो। जङ्गली जनावरहरूबाट रातमा सुरक्षित राख्नका लागि बाइबल भूमिमा



भएका गोठालाहरूले घेरेर बनाइएको सुरक्षित ठाउँमा आफ्ना भेड़ाहरूलाई राख्थे। यसलाई नै गोठ भनिन्थ्यो। भेड़ाहरू भित्रपट्टि सुरक्षित रहन्थे, र गोठालाचाहिँ खुला ढोकामा बस्थे। उनले भेड़ालाई सुरक्षा गर्थे। उनी त्यहाँ रहुञ्जेलसम्म कुनै पनि जङ्गली पशु भित्र पस्ने कोशिश गर्दैनथ्यो, तर आफूले सक्यो भने भेड़ा चोर्नका लागि पर्खाल चढ़ेर भित्र पस्थ्यो। केही धार्मिक अगुवाहरू यस्तै छन् भनी येशूले भन्नुभयो। तिनीहरूले वास्तवमा मानिसहरूलाई प्रेम गरेका हुँदैनन् तर तिनीहरूबाट जे सक्छन् सो मात्र लिन चाहेका हुन्छन्।

येशू नाश गर्नका लागि होइन तर जीवन दिनलाई र त्यो पनि प्रशस्त मात्रामा दिनका लागि आउनुभयो। प्रशस्तताको जीवन यस पृथ्वीमा र स्वर्गमा पनि कहिल्यै नसकिने अचम्मको जीवन हो।

येशूले भन्नुभयो, "ढोका म नै हुँ, यदि कोही मानिस मबाट भित्र पस्यो भने त्यो बचाइनेछ।" धेरै ढोकाहरूमध्ये एउटा ढोका म पनि हुँ भनी येशूले भन्नुभएन, तर उहाँ मात्र ढोका हुनुहुन्छ भनी उहाँले बताउनुभयो। कोही मानिसहरू अगमवक्ताहरूद्वारा, सन्तानहरूद्वारा, मरियमद्वारा वा मण्डलीको सदस्य भएर परमेश्वरकहाँ पुग्ने कोशिश गर्छन्। तर येशू मात्र बाटो हुनुहुन्छ, उद्धारमा पुऱ्याउने एक मात्र बाटो!

मानिस भित्र आउनुपर्छ भनी येशूले भन्नुभयो। भेड़ाहरूका निम्ति ढोका खोलिएझैं, येशूले आफूकहाँ आउन र अनन्त जीवन पाउनका लागि प्रत्येक व्यक्तिलाई बोलाउनुहुन्छ। तर येशूकहाँ आउन र उहाँका भेड़ा हुनको निम्ति परमेश्वरले कसैलाई पनि जबरजस्ती गर्नुहुन्न। प्रत्येक व्यक्तिले आफ्नो

निम्ति आफैंले छान्नुपर्छ। यदि कोही व्यक्ति येशूको गोठमा आउन चाहन्छ भने, उसले उद्धार पाउनेछ। यदि ऊ प्रवेश गर्न चाँहदैन भने, उसले उद्धार पाउनेछैन। यो अति नै साधारण कुरा हो।

आफ्ना भेड़ाहरूका निम्ति आफ्नो जीवन दिने कुरा येशूले बताउनुभयो। उहाँ आफ्नै इच्छाले यसो गर्नुहुन्छ र कसैले पनि उहाँबाट उहाँको जीवन लिन सक्दैन। त्यस बेलामा कोही मानिसहरूले उहाँलाई मार्ने कोशिश गरिरहेका थिए। उहाँ क्रूसमा टाँगिने एक दिन त्यहाँ आउनेछः काठबाट बनाइएको क्रूसमा उहाँलाई कीला ठोकिनेछ र मर्नका निम्ति उहाँलाई त्यहीँ छोडिनेछ।

उहाँको मर्ने समय आइपुगेपछि, उहाँले आफूलाई मार्नका निम्ति आफ्ना शत्रुहरूलाई दिनुहुनेछ। तर मृत्युचाहिँ उहाँको निम्ति अन्त होइन भन्ने कुरा उहाँलाई थाहा थियो। उहाँले भन्नुभयो, "म आफ्नो प्राण फेरि फिर्ता लिने हेतुले अर्पण गर्छु।" येशू जीवनमा फर्की आउनुहुनेछ र मृत्युमाथिको आफ्नो अधिकारलाई प्रमाणित गर्नुहुनेछ। उहाँ परमेश्वरका सच्चा पुत्र हुनुहुन्छ भन्ने कुरा उहाँको पुनरुत्थानले प्रमाणित गर्नेछ।



फेरि पनि कोही-कोही मानिसहरू उहाँका वचनका कारण उहाँसँग रिसाए, तर अरूहरूले चाहिँ विश्वास गरे। विश्वास नगर्नेहरूचाहिँ उहाँका भेड़ाहरू थिएनन्, किनकि उहाँका भेड़ाहरूले उहाँको स्वर सुन्छन्।

**तपाईंको अभ्यासको निम्ति**

**२** उद्धारमा पुग्ने ढोकाहरू कतिवटा छन्?

**क.** त्यहाँ धेरैवटा छन्, किनकि हामीले उद्धार पाउन सक्ने धेरै धर्महरू त्यहाँ छन्।
**ख.** त्यहाँ कम-से-कम चारवटा छन्ः मरियम, सन्तहरू, अगमवक्ताहरू, मण्डली।
**ग.** त्यहाँ एउटै मात्र ढोका छ, र त्यो ढोकाचाहिँ येशू हुनुहुन्छ।

**३** उद्धार पाउनका लागि तपाईंले के गर्नुपर्छ?

**क.** उद्धार पाउनका लागि तपाईं प्रवेश गर्नुपर्छ।
**ख.** कसैले ढोका नखोलुञ्जेलसम्म तपाईंले पर्खिनुपर्छ।
**ग.** तपाईंले केही पनि गर्नुपर्दैन।

**४** आफ्ना भेड़ाहरूका निम्ति आफूले आफ्नो प्रेम कसरी देखाउनुहुन्छ भनी येशूले भन्नुभयो?

**क.** उहाँले तिनीहरूलाई हरियो खर्कमा डोऱ्याउनुहुन्छ।
**ख.** उहाँले आफ्ना भेड़ाहरूका निम्ति आफ्नो जीवन अर्पण गर्नुहुन्छ।
**ग.** उहाँले तिनीहरूलाई सुख-चैनको पानीनेर डोऱ्याउनुहुन्छ।

## यहूदीहरूद्वारा येशूलाई इन्कार

यूहन्ना १०:२२-४२ पढ्नुहोस्।

केही मानिसहरूले येशूलाई मार्न चाहेका थिए, किनकि उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ (३६ पद) र उहाँलाई पछ्याउनेहरूलाई उहाँले अनन्त जीवन दिनुहुन्छ भनी उहाँले भन्नुभएको थियो (२८ पद)। अरूहरूले उहाँलाई आफ्ना असल गोठालाका रूपमा स्वीकार गरे र उहाँका पछि लागे। येशूलाई पछ्याउने हो वा हराएका भेड़ाझैं आफ्नै बाटो लाग्ने हो भन्ने सम्बन्धमा तपाईं आफैले छान्नुपर्छ।

### तपाईंको अभ्यासको निम्ति

**५** जब येशूले आफैलाई असल गोठालाको रूपमा प्रस्तुत गर्नुभयो, मानिसहरूले यसलाई कसरी ग्रहण गरे?

**क**. कोही-कोहीले उहाँलाई मार्न चाहे। अरूहरूले उहाँलाई पछ्याए।
**ख**. सबैले उहाँलाई इन्कार गरे।
**ग**. तिनीहरू सबैले उहाँमा विश्वास गरे।

**६** तपाईंका उत्तरहरूलाई यस पाठको अन्तमा दिइएका उत्तरहरूसँग जाँच्नुहोस्।

७ अब तपाईंले पहिला दश पाठहरूलाई सिध्याउनुभएको छ, तपाईंको विद्यार्थी प्रतिवेदनको पहिलो खण्डको उत्तर दिनका लागि अब तपाईं तयारी हुनुभएको छ। १-१० पाठहरूलाई दोहोऱ्याउनुहोस्, र विद्यार्थी प्रतिवेदनमा उत्तर पृष्ठलाई भर्नुहुँदा दिइएका निर्देशनहरूलाई पालन गर्नुहोस्। पुस्तक र विद्यार्थी प्रतिवेदनको अन्तमा दिइएको आई सी आई को ठेगानामा उत्तर-पृष्ठ फर्काई पठाउनुहोस्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ ग) असल गोठालाले आफ्ना भेड़ाहरूको हेरचाहा गरेझैं उहाँले पनि आफ्ना मानिसहरूको हेरचाहा गर्नुहुन्छ।

४ ख) उहाँले आफ्ना भेड़ाहरूका निम्ति आफ्नो जीवन अर्पण गर्नुहुन्छ।

२ ग) त्यहाँ एउटै मात्र ढोका छ, र त्यो ढोकाचाहिँ येशू हुनुहुन्छ।

५ क) कोही-कोहीले उहाँलाई मार्न चाहे। अरूहरूले उहाँलाई पछ्याए।

३ क) उद्धार पाउनका लागि तपाईं प्रवेश गर्नुपर्छ।